प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि,खाद्य प्रविधि तथा भूमि ब्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनालय

मुकाम: बुटवल, नेपाल

ईमेलः doad.p5@gmail.com
फोन नं: ०७१-४२००४०
०७१-४२००१२
वेबसाइटः doad.p5.gov.np

पत्र संख्या:२०७८/७९
च. नं.: २८५

मितिः २०७८।०९।१८

विषयः प्रस्ताव आब्हानको सूचना टाँस सम्वन्धमा ।

श्री कृषि ज्ञान केन्द्रः

नवलपरासी (व.सु.प.), कपीलवस्तु. दाङ्ग, बाँके, पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, ।

श्री एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालय,

बर्दिया, प्यूठान, रुकुम पूर्व ।

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व.०७८/७९ को स्वीकृत कार्यक्रम अनुसारको **कृषि उपज वजार पूर्वाधार निर्माण तथा सुदृढीकरण** कार्यक्रम सञ्चालनको लागि मिति २०७८/०९/१८ गते प्रकाशित गरिएको सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी जानकारी पठाई दिनु हुन साथै तहाँ जिल्लाका सबै स्थानिय तहहरुमा समेत उक्त सूचना टाँसको ब्यवस्थाको लागि पत्राचार गरि दिनु हुन निर्देशानुसार अनुरोध छ ।

वरिष्ठ कृषि प्रसार अधिकृत

प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमि ब्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनाल मुकाम:बुटवल, नेपाल

## कृषि उपज वजार पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०९ /१८**

चालु आर्थिक वर्ष २०७८/०७९ मा यस निर्देशनालयको बार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषि उपज वजार पूर्वाधार निर्माण तथा सुदृढीकरण** कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/ वजार सिमितिले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०७८/१०/१७ गते भित्र) यस निर्देशनालय तथा मातहतका कृषि ज्ञान केन्द्रहरुमा तपशिलको विवरण सहित निवेदन पेश गर्नु हुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात र मापदण्ड यस निर्देशनालयको सूचना पाटी/ वेवसाइट www.doad.lumbini. gov.np बाट प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने ब्यहोरा समेत जानकारी गराइन्छ । थप जानकारीको लागि फोन नं ०७१-४२००४० मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल:

| क्र.सं | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम आवश्यक मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १. | कृषि उपज वजार पूर्वाधार निर्माण तथा सुदृढीकरण | १.वजार स्थापनाको लागि संरचना निर्माण तथा सुदृढीकरण<br>२.कृषि उपज भण्डारण घर र तरकारी भण्डारणको लागि कोल्ड रुम तथा काठको-याक,क्रेट आदि | १.सम्वन्धित निकायमा कृषि उपज भण्डारण तथा वजारिकरण ब्यवसाय संचालन गर्ने उद्देश्य सहित दर्ता भएका कृषि समूह / सहकारी /वजार समिति हुनु पर्ने ।<br>२.स्थायी संरचना निर्माण गर्ने जग्गा संस्थाकै नाममा हुनु पर्ने ।<br>३. कृषि उपजको उत्पादन/बिक्री वितरणमा संलग्न भएको हुनु पर्ने ।<br>४.आयोजनाको कुल लागत रु १० लाख भन्दा वढी हुनु पर्ने। | लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरु । | कृषि समूह / सहकारी /वजार समिति | कुल लागतको ५० प्रतिशत वा वढीमा रु १० लाख सम्म |

संलग्न गर्नु पर्ने कागजातहरु:

१.प्रस्तावकको निवेदन (अनुसूची -३५ अनुसार) २. कृषि समूह/सहकारी/वजार समिति दर्ता भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर तथा गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ३. कार्य योजना सहितको प्रस्ताव (अनुसूची -३६ अनुसार) ४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ५. पूर्वाधार निर्माण तथा सुदृढीकरण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ६. जग्गाको लालपूर्जा र जग्गा कर तिरेको रसिदको प्रतिलिपी ७. प्रस्ताव माग गरिएको निर्णयको प्रतिलिपी ८. प्रस्ताव पेश गर्ने (आधिकारिक ब्यक्ति) को नागरिकताको प्रतिलिपी ।